श्री

काठमाडौं जिल्ला अदालत

इजलास

माननीय न्यायाधीश श्री कमलप्रसाद पोखरेल

<u>फैसला</u>

मुद्दा नं.०८०-CP-०७२३

मुद्दा रजिष्ट्रेसन नं.३९-०८०९-०५२१६

निर्णय नं.१६९

दायर मितिः-२०८०/०४/२४

फैसला मितिः- २०८१/०६/१६

मुद्दाः- करार वदर गर्ने निर्णय वदर गरी यथावत पुर्नवहाली गरी पाउँ ।

**<u>वादीको नाम, थर, वतन</u>**

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.२२ स्थित मारवाडी सेवा समिति नेपालको अख्तियार प्राप्त ऐ. का महासचिव प्रमोद कुमार अग्रवाल.........................................१

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ८ स्थित पशुपति गौशाला धर्मशालाको अख्तियार प्राप्त महासचिव महावीर प्रसाद अग्रवाल........१

**<u>साक्षी</u>**

**<u>प्रतिवादीको नाम, थर, वतन</u>**

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.८ स्थित श्री पशुपति क्षेत्र विकास कोष, देवपतन काठमाडौं

.....................................१

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.८ स्थित सञ्चालक परिषद, पशुपति क्षेत्र विकास कोष, देवपतन काठमाडौं

.....................................१

काठमाडौं जिल्ला काठमाडौं

**कागज प्रमाण**

महानगरपालिका वडा नं.८ स्थित श्री अध्यक्ष, सञ्चालक परिषद, पशुपति क्षेत्र विकास कोष, देवपतन काठमाडौं ........१

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.८ स्थित श्री सदस्य सचिव, पशुपति क्षेत्र विकास कोष, देवपतन काठमाडौं .........................१

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.८ स्थित श्री कार्यकारी निर्देशक, पशुपति क्षेत्र विकास कोष, देवपतन काठमाडौं ...................१

**साक्षी**

**कागज प्रमाण**

**न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी देवानी कार्यविधी संहिता, २०७४ को दफा १८,१९ बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार रहेको छ।**

१. **फिरादपत्रः-** विक्रम सम्वत १९९० सालको विनासकारी भुकम्पमा प्रभावित व्यक्तिलाई राहत तथा उद्धार र संस्थाको पुर्नस्थापनामा मारवाडी समुदायले पुर्याएको सहयोगबाट तत्कालीन प्रधानमन्त्री श्री ३ जुद्धशम्शेर ज.व.रा.ले यस समुदायबाट निस्वार्थरुपमा सनातन धार्मिक एवं सामाजिक सेवाको कार्यगर्न सक्ने मनन् गर्दै मारवाडी समुदायको रामकुमार मारवाडी समेतलाई आराध्यदेव पशुपतिनाथ मन्दिर नजिकै गाई, साँढे एवं दुध कटुवा नन्दीको संरक्षण गर्न र भक्तजन एवं तिर्थालुहरुको खानपिन र वसोवास एवं सामाजिक सेवा गर्न गौशालामा जग्गा उपलव्ध गराउनु भएको थियो । पशुपति गौशाला

धर्मशाला संचालनमा रहेको जग्गा सर्भे नापीमा पशुपति २क कि.नं.८३ क्षेत्रफल ४-१५-२ र कि.नं.८५ क्षेत्रफल ४-१०-२ भई नापी भई सर्भेनापीमा गौशाला जनिएको छ । सोही जग्गाको पशुपतिनाथ अमालकोट कचहरीले मिति २०४६/०१/२५ मा पशुपति गौशाला धर्मशालाको नाउँमा मोही दर्ता प्रमाण पुर्जा दिइएको छ । उक्त जग्गाको पशुपति गौशाला धर्मशालाले नियमितरुममा पशुपति अमालकोट कचहरी र आ.व.२०८०/०८१ सम्मको वैक मार्फत पशुपतिनाथ अमालकोट कचहरीमा भु-बहाल वुझाउदै आएको छ । तत्कालिन प्रधानमन्त्रीद्वारा प्रदान गरेको जिम्मेवारी र सो जिम्मेवारी पुरा गर्न प्रदान भएको जग्गामा गोठ एवं भक्तजनको निम्ती धर्मशाला वनाई मारवाडी समुदायद्वारा सञ्चालन भई आएको हो । हिन्दु धर्मप्रति आस्थावान र पशुपतीनाथको अन्य भक्तजन मारवाडी समुदायका चन्दादाता एवं यस समुदायका विभिन्न संघसंस्थाको आर्थिक एवं भौतिक सहयोगमा पशुपती गौशालाको संरचना निर्माण, मर्मतसंभार, संरक्षण एवं धर्मशाला गौशाला मानव सेवा र गाई, नन्दि पालन संरक्षण गरी संचालन हुँदै आएको आठ दशक भन्दा वढी भैसकेको छ । जग्गा (नापजाँच) ऐन, २०१९ लागु भएपछि काठमाडौं उपत्यकामा पहिलो पटक भएको सर्भे नापीमा गौशाला धर्मशाला पक्की संरचना सर्भेनापीमा नक्साकंन भएको छ । यस व्यहोराले हाल भै रहेको संरचनाहरु मध्ये उक्त सर्भे नक्सामा भएको हदसम्मको भवन संरचना सो पुर्वनै निर्माण भएको प्रमाणित हुन्छ । मितिः २०३८।९।१३ को पशुपतिनाथ अमालकोटको तत्कालिन वागमती अञ्चलाधिश कार्यालयलाई पत्राचार गरी २०३७ सालमा निर्माण रोक्का रहेतापनि २०३६।२०३७२०३८ भूवहाल रु.६००/- र रु.१,२६,२५०।- थप दस्तुर लिई निर्माण कार्य फुकुवा गरीदिन पत्राचार भई संरचना थप निर्माण भएका थिए। तत्कालिन अवस्थामा उक्त क्षेत्र गाँउ पञ्चायतको क्षेत्रभित्र पर्ने भएकोले नक्सापास गर्नुपर्ने व्यवस्था थिएन । २०५५ सालमा काठमाडौं महानगपालिका, पुरातत्व विभाग र प्रतिवादी पशुपति विकास कोषको अनुमतीमा मिति २०५५।४।१४ मा सो अगावै निर्माण भएका संरचना समेत नियमित हुनेगरी नक्सा पास भई सो वमोजिम थप निर्माण समेतबाट

हालको पशुपति गौशाला धर्मशालाको भवन संरचना निर्माण भएको हो । वेवारिसे तथा असमर्थको निःशुल्क शवदाहको कार्य समेत निवेदकबाट भई आएको छ। पशुपतिक्षेत्र विकास कोषले थप सहयोगको निम्ती अनुरोध गरेकोले मिति २०६०।२।१२ मा सम्झौता भई वार्षिक रु.५१,०००।- नगद सहयोग गरी आएको छ। यस सहयोगको राशीलाई वृद्धी गर्न उक्त कोषवाट अनुरोध भएमा त्यसमा पनि वादीको क्षमताको आधारमा थप सहयोग गर्न फिरादी सकारात्मक भएको जानकारी कोषलाई गराईएको थियो ।

पशुपती गौशाला धर्मशाला परिसरमा करिव १२ करोडको लागतमा ३० वेडको सुविधा सम्पन्न डाइलासिस सेवा संचालनमा रहेको र दैनिक १२० जनाले निःशुल्क सेवा प्राप्त गर्न सक्ने पुर्बाधार तयार छ । यो समेत साविकको संरचनालाई यथावत राखी भित्रि भागमा प्रवन्ध गरिएकोले मापदण्डलाई कुनै असर परेको छैन । पशुपती गौशाला क्षेत्र रहेको धर्मशालामा करिव रु.१००।- मा वसोबास रहेको र रु.१२०।- मा शाकाहारी भोजन उपलब्ध हुन्छ। प्रत्येक शनिवार निःशुल्क भोजनको प्रवन्ध गरिएको छ । यस धर्मशालामा कृत्रिम खुट्टा, मृगौला पिडितलाई निःशुल्क डायलासिस, होमियोप्याथिक स्वास्थ्य परिक्षण र औषधी समेत उपलब्ध गराउँदै आएको छ। भवन एवं संरचना पुरानो भएपछि यसको संरक्षणको निम्ती यसको स्वरुप यथावत रहने गरी मर्मत संभार गर्न अपरिहार्य हुने सार्वजनिक जानकारीको विषय हो ।

प्रतिवादी कोषबाट काठमाडौं महानगरपालिकालाई पशुपति क्षेत्रमा रहेका नक्सा पास विनाको संरचना भत्काई दिन गोश्वारा पत्राचार गरेको आधारमा काठमाडौं महानगपालिकाको सुरक्षादाता र का.म.पा. ८ को वडाध्यक्षले मिति २०७९।११।१८ का दिन गौशाला धर्मशालाको संरचना अवैध भएकोले भत्काउन भनी माइकिङ गर्ने र मौखिक जनाउ दिएकोले उच्च अदालत पाटनमा पुनः निषेधाज्ञा (०७९-७०-१०९१) दायर गरेकोमा मिति २०७९।११।२१ मा अन्तरिम आदेश जारी भई प्रतिवादीको अवैध पत्राचारको आधारमा अन्य निकायको हस्तक्षेप रोकिन पुगेको थियो ।

फिरादी र प्रतिवादी कोष वीच कोष र मातहतको पशुपतिनाथ अमालकोट कचहरी वीच मिति २०६०।२।१२ मा सम्पन्न सम्झौतापत्रको प्रकरण नं. १ देखी ७ सम्म फिरादीलाई विभिन्न अधिकार एवं कर्तव्य तोकीएको छ। प्रकरण नं. ८ मा सम्झोतामा उल्लेखित शर्त द्वितिय पक्ष (फिरादी) ले उल्लंघन गरेका प्रतिवादीलाई सम्झौतापत्र रद्ध गर्न सक्ने अधिकार रहेको छ। फिरादीबाट के कुन कार्यबाट सम्झौतापत्र उल्लंघन भएको हो विपक्षीद्वारा जारी भएको पत्रमा उल्लेख छैन । कुनै सम्झौतापत्र उल्लंघन भएमा सो कार्य उल्लेख गरी प्रतिवादको मौका दिनुपर्ने प्राकृतिक न्यायको सामान्य सिद्धान्त हो । सम्झौताको अर्को पक्षलाई समय सापेक्ष जायज र उचित सम्झौतापत्र गर्नुपर्ने मनोगत आधार उल्लेख गरी सम्झौता रद्ध गर्ने अधिकार हुन सक्दैन । फिरादी र प्रतिवादी वीच मिति २०६०।२।१२ मा सम्पन्न सम्झौतापत्र वादीबाट कुनै शर्त उल्लंघन भएको छैन । पशुपति गौशाला धर्मशालाको ५० करोड भन्दा वढीको संरचना वादी एवं वादीको समुदायको सदस्यको चन्दा एवं दानबाट निर्माण भएका हुन्। सो जग्गाको भोग वापत भूवहाल वुझाउँदै आएको अवस्थामा विपक्षीले विस्थापन गर्न र सोमा कब्जा गर्ने कार्य मुलुकी देवानी संहिता, २०७४ को दफा ९, ६६४ समेतको प्रतिकुल रहेको छ। प्रतिवादीद्वारा मिति २०८०/०४/१७ मा वादी र प्रतिवादी वीच सम्पन्न मिति २०६०।२।१२ को सम्झौतापत्र रद्ध गर्ने र १५ दिनभित्र विपक्षीले उचित ठानेको शर्त वमोजिम सम्झौतापत्र नभएमा पशुपति गौशाला धर्मशाला विपक्षीले सञ्चालन गर्ने गरी भएको निर्णय र सोको आधारमा जारी पत्र एवं तत्सम्बन्धी काम कारवाई गैरकानूनी, अनाधिकृत र अन्यायीक ठहर गरी प्रारम्भ देखी नै वदर गरी सून्य ठहर गरीपाउँ । साथै सम्झौतापत्र एकतर्फी रुपमा रद्ध गरी वादी र वादीको समुदायको योगदान र चन्दामा निर्मित र सञ्चालित गौशाला धर्मशाला जिम्मा लिने गरी पाउँ भन्ने समेत व्यहोराको बादी मारवाडी सेवासमितिको फिराद दावी ।

२. **प्रतिउत्तर पत्रः-** विपक्षीले मिति २०६०।०२।१२ मा पशुपती क्षेत्र विकाश कोष सँग गरेको सम्झौताले विपक्षले उपभोग गरेको जग्गाको पुर्ण स्वमित्व पशुपती क्षेत्र विकास

कोषको रहेको तथा सम्झौता बमोजिमको कार्यहरु गर्नकोलागी आवस्यक सम्पुर्ण लगानी लगाउनु पर्ने कार्य विपक्षीको भई सम्झौता रद्द भए वा विपक्षी अलग भए निर्माण भएको सम्पुर्ण संरचनाको स्वमित्व पशुपती क्षेत्र विकाश कोषको हुने भनी उल्लेख भएको र सो कुरालाई लिखित रुपमै विपक्षीले स्विकार गरी धर्मशाला संचालन गरी आएको छ । विपक्षीकै कारण सम्झौताको उलंघन भई नियमानुसार सम्झौता रद्द गरिएको अवस्था छ । आफैले सम्झौता गर्दा नै उक्त जग्गा कुनै पनी बेला छोड्न पर्ने भनी स्विकार गरी सकेको छ ।

पशुपति क्षेत्र विकास कोष अन्तर्गत रहेको श्रीपशुपतीनाथ अमालकोट कचहरी गुठीको पूर्ण स्वामीत्वमा कायम रहेको साविक पशुपति वडा.नं.२ (क) कि.नं.८३ को क्षेत्रफल ४-१५-२-० तथा ऐ.ऐ.कि.नं. ८५ को क्षेत्रफल ४-१०-०-० समेतको जग्गा विपक्षी मारवाडी समुदायहरुबाट लामो समय देखी अनधिकृत रुपमा उपभोग गरि व्यावसायीक लाभ प्राप्त हुने कामकाज गरि आएकोले पशुपति क्षेत्र विकास कोषको अधिन तथा स्वामीत्वमा रहेको उपरोक्त जग्गालाई विशुद्ध धार्मिक परोपकारी कार्यका लागि प्रयोग गर्ने गरि मिति २०६०।०२।१२ मा विपक्षी मारवाडी सेवा समिति नेपाल तथा पशुपति क्षेत्र विकास कोष अन्तर्गत रहेको श्री पशुपतिनाथ अमालकोट कचहरी बिच कोषले उपलब्ध गराएको जग्गाको संरक्षण गर्ने गरि लिखित करार सम्झौता भई उक्त सम्झौतामा विपक्षीले उपभोग गरेको कोषको स्वामीत्वमा कायम रहेको जग्गालाई विपक्षीले केवल हिन्दु धर्मको जर्गेना गर्ने कार्यका लागि प्रयोग गर्ने, उक्त जग्गा तथा उक्त जग्गामा निर्माण भएको र हुने सम्पूर्ण संरचनाहरुमा कोषको स्वामीत्व कायम हुने, श्री पशुपतिनाथमा पर्वमा छाडिएका नन्दी साँढेहरुलाई परम्परा अनुसार संरक्षण गर्न पर्ने, जग्गा बहालमा लिए वापतको भूवहाल तिर्न पर्ने, कोषले उपलब्ध गराएको जग्गाको बहाल वापत बार्षिक रु ५१,०००।- कोषलाई भुक्तानी गर्नुपर्ने, कोषले उपलब्ध गराएको जग्गामा कुनै संरचना निर्माण गर्न पर्ने भएमा कोषको अग्रीम पूर्व स्वीकृती लिनु पर्ने, सम्झौताको समाप्त पस्चात वा सम्झौताको रद्द भए पस्चात जग्गामा निर्माण भएको सम्पूर्ण

संरचनाहरुको पूर्ण एकलौटी स्वामीत्व कोषको हुने र सम्झौता विपरित कुनै कार्य भए कोषले जुनसुकै बेला समेत सम्झौता समेत रद्द गर्न सकिने शर्तहरुको अधिनमा रही सम्झौता भएको र सो सम्झौतामा विपक्षीको समेत पूर्ण सहमती एवंम मंजुरी रहेको थियो ।

विपक्षीलाई मिति २०६०।०२/१२ मा पशुपति क्षेत्र विकास कोषबाट आधिकारीक रुपमा कोषको स्वामित्वमा रहेको उपरोक्त जग्गाहरु नियमानुसार उपलब्ध गराइ विपक्षीले पशुपति क्षेत्र विकास कोषको अनुमती विना अनाधिकृत रुपमा स्वीकृती वेगरका संरचनाहरु निर्माण गरि आफुखुशी विभिन्न व्यापारिहरुलाई बहालमा दिई अवैध रकम असुल उपर गरि आएकोमा कोषबाट पटक पटक कोषको स्वीकृती तथा अनुमती वेगर कुनै संरचना निर्माण नगर्नु तथा कोषबाट स्वीकृती प्राप्त भएपछि मात्र मापदण्ड अनुसारको मात्र संरचनाहरु निर्माण गर्नु भनी लिखित तथा मौखिक जानकारी गराउँदा समेत विपक्षीबाट कोषलाई अटेर गरि व्यावसायीक लाभका लागि संरचनाहरु निर्माण गर्दै कोषको जग्गामा व्यवसायीहरुलाई राखी व्यापार गरेको, व्यवसायीक होटल संचालन गरेको तथा कोषबाट स्वीकृती बिना सम्झौतामा उल्लेख नै नभएको कार्यको रुपमा अवैध तवरबाट अस्पताल समेत संचालन गरि राजनितिक पहुँचको आधारमा निरन्तर लामो समय देखि करोडौ व्यवसायीक लाभ गरि आएकोमा वर्तमान कोषका अध्यक्ष माननीय मन्त्रीज्यूको निर्देशन तथा सुझावमा कोषका जिम्मेवार पदाधिकारीहरुबाट आराध्यदेव श्री पशुपतिनाथको सम्पत्तीलाई व्यवस्थीत तथा संरक्षण गर्ने पवित्र उद्देश्यका साथ विपक्षीलाई मिति २०७९/०६/२६ मा लिखित पत्राचार गरि कोषको स्वीकृती वेगर कुनै पनि भौतिक संरचने निर्माण नगर्नु भनी अनुरोध गरेकोमा विपक्षीबाट कोषले जानकारी गराएको पत्रको बेवास्ता गरी ऑफलाई राजनितिक पक्षहरुको साथ रहेकोले कोषले केही गर्न सक्दैन भनी उल्टै कोषका पदाधिकारीहरुलाई डरधाकधम्की दिएकोले वाध्य भई कोषबाट मिति २०७९।०७/०४ मा विपक्षीको नाममा सार्वजनीक सूचना प्रकाशित गरि कोषसँग भएको सम्झौता विपरित निर्माण भएका सम्पूर्ण अवैध संरचनाहरु ३५ दिन

भित्रमा हटाउन तथा सो अवधी भित्र नहटाइएको पाइएमा कानून बमोजिम हुने व्यहोरा समेत जानकारी गराइएको थियो ।

विपक्षीले कोषवाट वहालमा प्राप्त भएको जग्गामा कोषको स्वीकृती तथा मापदण्ड विपरित निर्माण गरेको सम्पूर्ण अवैध संरचनाहरु हटाउन तथा कोषसँग भएको सम्झौताको अधिनमा रही धार्मिक सेवाको मात्र कार्य गर्नका लागि सार्वजनीक रुपमा मिति २०७९।०७/०४ मा सूचना प्रकाशित गरेको भएपनि विपक्षीबाट आफुले कुनै पनि हालतमा संरचनाहरु नहटाउने, यस विषयमा थप कुनै दवाब नदिन, दवाव दिइएमा कोषका पदाधिकारीहरुको जागरि नै खाइदिने सम्मको धम्की दिई कोषबाट दिइएको सूचनाको अवज्ञा गर्ने मौखिक जानकारी गराएकोले कोषले विपक्षीलाई पटक पटक सुनवाईको मौका दिई आराध्यदेव श्री पशुपतिनाथको श्रीसम्पत्तीको दुरुपयोग नगर्न र कोषको जग्गालाई केवल धार्मिक कार्यका लागि मात्र प्रयोग गर्न भन्दा समेत आफ्नो पहुंच माथि सम्म रहेको दम्भमा कोषको निर्देशनलाई पूर्ण रुपमा बेवास्ता गरि आफ्नो व्यवसायीक फाइदाका लागि कार्य गरि रहेकोले कोषवाट बाध्य भई आफ्नो सार्वजनीक सम्पत्तीको रक्षाको निम्ती मिति २०७९/०८/१० मा अवैध संरचना भत्काउने भनी विपक्षी लगाएत स्थानीय निकाय, जिल्ला प्रशासन तथा स्थानीय प्रहरी समेतलाई मिति २०७९।०८।०९ मा पूर्व जानकारी गराई मिति २०७९।०८।१० मा विपक्षीबाट निर्माण भएका अवैध संरचनाको केही भाग हटाउने कार्य भैसके पस्चात विपक्षीबाट आफुहरुले निर्माण गरेको अवैध संरचनाहरु कोही कसैले भत्काउन नपाउने तथा आफुहरुलाई कोषले उपलब्ध गराएको जग्गामा अनवरत रुपमा आफ्नो इच्छाअनुकुलको कार्य गरि पाँउने मनसायसाय पशुपती क्षेत्र विकास कोषका विरुद्धमा सम्मानीत उच्च अदालत पाटन समक्ष रिट नं. ०७९-wo- ०६३६ मार्फत निषेधाज्ञा निवेदन, निवेदन नं.०७९-१०-०१५८ मार्फत अदालतको अवहेलनामा उजुरी तथा रिट नं.०७९-WO-१७३४ मार्फत उत्प्रेषण समेतको निवेदन दर्ता गराउनु भएकोमा उक्त मुद्दाहरुका सम्बन्धमा कोषबाट पेश भएको प्रमाण कागजहरु समेतको आधारमा विपक्षीको गैर कानुनी माग पुरा नहुने गरि मिति

२०८०।०३/२७ मा निषेधाज्ञा तथा अदालतको अवहेलनाको मुद्दा खारेज भएको छ । विपक्षीलाई पशुपती क्षेत्र विकास कोषले मिति २०६९।०२/१२ मा लिखित करार सम्झौता गरि सम्झौताको परिधि भित्र रही विशुद्ध धार्मिक कार्यका लागि सम्झौतामा उल्लेख भएको कार्यहरु मात्र गर्न अनुमती प्रदान गरिएकोमा विपक्षीले कोषसँग गर्नु भएको सम्झौताको गम्भीर उलंघन हुने गरि कोषको स्वीकृती विना कोषले करार बमोजिम उपलब्ध गराएको जग्गामा अवैध संरचनाहरु निर्माण गरि व्यापारिक कामकाजहरु निरन्तर गरि आउनु भई कोषले सम्झौता बमोजिम कोषको स्वामीत्वमा कायम रहेको जग्गालाई आफ्नै निजि जग्गा कायम गराउनका लागि झुठा प्रमाण खडागरि आफ्नो निजी जग्गा बनाउने परिपन्च रच्न लागेको कुरा पशुपती क्षेत्र विकास कोषलाई जानकारी हुन आएको तथा विपक्षीलाई उपलब्ध गराएको सम्झौता उपर अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा महालेखा परिक्षकको बिभिन्न आ.व.को बार्षिक प्रतिवेदनहरु मार्फत प्रश्न उठाई उक्त सम्झौताबाट प्राप्त हुने बहाल रकम अति न्यून भएकोले पशुपती क्षेत्र विकास कोषलाई आर्थिक रुपमा हानी नोक्सानी भई राज्यको सम्पत्तीको दुरुपयोग समेत भएकोले सम्झौता रद्द गर्न निर्देशनहरु समेत प्राप्त भएको अवस्थामा विपक्षीले कोषसँग लिखित सम्झौता गरि आफैले कोषको स्वामीत्वमा रहेको भनी स्वीकार गरिसकेको कार्य विपरित उक्त जग्गालाई आफ्नो निजी जग्गा कायम गराउन तथा कोषबाट पटक पटक प्राप्त भएको निर्देशन अवज्ञा गरि सम्झौताको शर्तहरुको गम्भीर उलंघन हुने गरि संरचनाहरु निर्माण गरि सम्झौता विपरितका कार्यहरु गरि आएको हुँदा विपक्षीको गलत कृयाकलापलाई बढावा दिन भन्दा सम्झौता रद्द गर्न उपयूक्त हुने ठानी मिति २०६०/०२/१२ मा भएको सम्झौताको शर्त नं.८ को अधिनमा रही पशुपती क्षेत्र विकास कोषको संचालक परिषदले विपक्षीको उपरोक्त गलत कार्यहरुको आधारमा मिति २०८०/०४/१७ को बैठकबाट विपक्षीसँग भएको सम्झौता रद्द गरि पुन समय सापेक्ष, उचित र जायज शर्तहरु सहित १५ दिन भित्रमा सम्झौता गर्न आउनु भनी विपक्षीलाई सूचना दिने, सो म्याद भित्र उपस्थित हुन आएमा सम्झौताका

शर्तहरु सम्बन्धमा छलफल गरि एकिन भई सम्झौताका मस्यौदा प्रस्ताव तयार गरि आगामी परिषद बैठकमा पेश गर्न र सूचनाको म्याद भित्र उपस्थित हुन नआएमा धर्मशालाको व्यवस्थापन आफैले नियमानुसार संचालन गर्ने प्रवन्ध मिलाउन भनी निर्णय भएको थियो ।

विपक्षी संग मिति २०६०।०२/१२ मा भएको सम्झौतामा प्रष्ट रुपमा सम्झौतामा उल्लेख भएको सम्पूर्ण जग्गा पशुपती क्षेत्र विकास कोषको स्वामीत्वमा रहेको कुरा विपक्षीबाट लिखित स्वीकार गरि सोही जग्गामा विपक्षीले हिन्दुधर्म रक्षाका लागि धार्मिक परम्परा अनुसार धर्मशाला संचालन गर्नका लागि जिम्मेवारी प्रदान गरिएको र सो वापत सम्झौतामा नै उल्लेख भए अनुसार विपक्षीले जग्गा बहालमा लिए वापतको भुबहाल पशुपती क्षेत्र विकास कोषलाई भुक्तानी दिनुपर्ने कुराको विपरित हुने गरि प्रस्तुत फिरादपत्रमा विपक्षीले आफुले पशुपती क्षेत्र विकास कोषबाट प्राप्त गरेको जग्गामा आफ्नो भोगाधीकार रहेको कुरा पूर्णरुपमा झुठा भई विपक्षीले मिति २०६०/०२११२ मा गरेको सम्झौताको अधिनमा रही मात्र पशुपती क्षेत्र विकास कोषले विपक्षीलाई जग्गा बहालमा दिएको अवस्थामा सम्मानीत अदालतलाई नै भ्रममा पारि मैले जग्गा भोगाधीकार प्राप्त गरेको छु भन्ने कुरा झुठा रही मुलुकी देवानी संहिता, २०७४ को दफा २६९ बमोजिम पशुपती क्षेत्र विकास कोषले विपक्षीलाई जग्गा भोगाधीकारका लागि प्रदान नगरेको अवस्थामा आफु खुशी जग्गा भोगाधीकार प्राप्त गरेको छु भनी दाबी गैर कानूनी रहेको छ ।

विपक्षीले दावी लिनु भएका याविक पशुपति वडा. नं. रोका कि.नं.८३ को क्षेत्रफल ऐ.ऐ.कि.नं.८५ को क्षेत्रफल ४-१०-०-० समेतको जग्गा पशुपति क्षेत्र विकास कोष श्रीपशुपतिनाथ अमालकोट कचहरी गुठीको नाममा कायम रही उक्त जग्गाको पशुपति गौशला भनी उल्लेख रहेको तथा विपक्षीसँग मिति २०६०/१२००२ मा अन्तर्गत रहेको मोही महलमा भएको सम्झौताको दायर गरेको विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट भएको निर्माण उपरमा विपक्षीले दायर मुद्दाको रोहमा

सम्मानीत सर्वोच्च अदालतबाट मुद्दा नं ०६७-CR-०२०१ को मुद्दामा भए फैसलाको पाना नम्बर २ मा उपरोक्त जग्गाको सन्दभमा मिति २०६५।१०।१९ को नापी नापी कार्यालय डिल्लीचजारबाट जारि भएको पत्रबाट समेत जग्गाको मोही सहीतको पूर्ण स्वामीत्व पशुपती क्षेत्र विकास कोषको रहेको भनी प्रमाणित भैसकेको अवस्थामा जग्गाको स्वामीत्व सम्बन्धमा नरहे पनि विपक्षीले भ्रमयुक्त तथ्य देखाई कहिले आफु जग्गाको मोही भन्नु हुन्छ कुनै भएको कुनै दुविधा कहिले आफुले जग्गाको पूर्ण भोगाधीकार प्राप्त गरेको हो भन्ने कुरा देखाई जसरि पनि उक्त जग्गा आफ्नो कब्जामा राख्ने नियत देखिए पनि जग्गाको स्वामीत्व सम्बन्धमा भगवान श्री पशुपतीनाथ सँग रहेको प्रमाण कागज एवंम विपक्षी स्वयमले गरेको मिति २०६०।०२।१२ को सम्झौताबाट समेत विपक्षीको दावी झुठा रहेकोले विपक्षीको फिराद दावी खारेज भागी रहेको छ । विपक्षीले गलत नियत राखी सम्मानीत सर्वोच्च अदालतबाट भएको फैसलाको विपरित पशुपती क्षेत्र विकास कोषको जग्गामा आफ्नो मोहियानी हक रहेको भन्ने झुठा तर्क दिई आफुहरुले निर्माण गरेको कुनै पनि संरचनाहरु कोषले हटाउन नसक्ने तथा आफुहरु अनन्तकाल सम्म कोषको जग्गालाई उपभोग गर्न पाउनु पर्ने नाजायज माग राखेकै कारण बाध्य नै सम्झौता बमोजिम विपक्षीसँग भएको सम्झौता रद्द गरिएको तथा विपक्षीसँग मिति २०६०।०२/१२ मा भएको सम्झौताको शर्त नं.३ बमोजिम धर्मशाला संचालन बन्द भएमा धर्मशाला संचालनका लागि निर्माण भएका सम्पूर्ण सरचनाहरु पशुपती क्षेत्र विकास कोषको हुने भनी उल्लेख भएकोमा हाल विपक्षीसँग भएको सम्झौता रद्द पस्चात साविकमा विपक्षीले निर्माण गरेको कुनै पनि संरचनाहरुमा विपक्षीको कुनै स्वामीत्व तथा हक अधिकार नहुने अवस्थामा विपक्षीले भने झै करार सम्झौता रद्दबाट विपक्षीलाई आर्थिक रुपमा वा अन्य कुनै रुपमा कुनै प्रकारको हानी नोक्सानी समेत नहुने भई विपक्षीलाई सम्झौता गर्न भनी आउन मौका प्रदान गर्दा समेत आफुहरुलाई कसैले केही गर्न सक्दैन भन्ने भ्रम राखी राज्य भन्दा ठूलो आफु हो भन्ने अहमतामा तोकिएको अवधी नै गुजारी कानून बमोजिन रद्द भैसकेको सम्झौता पुर्नवहालीको माग

राखी प्रस्तुत फिराद दायर गरे पनि कानूनी बाटो पालना नगर्ने विपक्षीलाई सम्मानीत अदालतबाट समेत कुनै फिराद दावी खारेज भागी रहेको छ ।

पशुपति क्षेत्र विकास कोषले केवल मारवाडी सेवा समिति नेपालसँग आफ्नो जग्गा बहाल लिनका लागि सम्झौता गरेको थियो र सोही पक्षसँग मात्र सरोकार हुने भए पनि विपक्षीले कोषको जग्गामा मोहियानी हक स्थापीत गर्नका लागि पशुपती क्षेत्र विकास कोषसँग सरोकार नै नभएको पक्ष पशुपति गौशाला धर्मशाला नामक संस्थालाई समेत जवरजस्ती रुपमा प्रयोग गरि कोष विरुद्ध प्रस्तुत मुद्दा दायर गरे पनि उक्त संस्था संग कोषको कुनै सरोकार समेत नरहेकोले कोषसँग जग्गाको सम्बन्धमा दावी लिई मुद्दा गर्ने हकदैया विपक्षी मध्येका पशुपति गौशाला धर्मशालाको छैन । विपक्षीबाट मिति २०६०।०२१२ मा भएको करार सम्झौता विपरितको कार्य गरि पशुपती क्षेत्र विकास कोषलाई हानी नोक्सानी पुर्‍याउने कार्य गरेकोले वाध्य भई मिति २०८०।०४।१७ मा पशुपती क्षेत्र विकास कोष संचालक परिषदबाट विपक्षीसँग भएको सम्झौता रद्द गरि पुनः नँया तवरबाट सम्झौता गर्न आउन भनी १५ दिनको समय विपक्षीलाई दिँदा समेत विपक्षीले १५ दिन भित्रमा सम्झौता गर्न आउन कुनै वास्ता नगरि उल्टै पशुपती क्षेत्र विकास कोषको जग्गा आफ्नै हो भन्ने झुठा दावी सहित प्रस्तुत फिराद दाबी गर्नु भएकोले विपक्षीको गलत दाबीलाई खारेज गरि आराध्यदेव भगवान श्री पशुपतीनाथको नाममा कायम रहेको सम्पत्ती रक्षाका लागि मिति २०८०/०४/१७ भएको सम्झौता रद्द गर्ने निर्णय सदर गरि न्याय दिलाई पाँउ भन्ने समेत व्यहोराको पशुपति क्षेत्र विकाश कोष समेतको प्रतिउत्तरपत्र ।

३. **मिति २०८०।०४।२४ को निबेदनः-** प्रतिवादीहरुको कृयाकलापले हमी वादीहरुले संचालन गरेको गौशाला धर्मसाला र सो वाट गरीने गतिविधी रोकिएमा हाम्रो संविधान र कानुनी हक हनन् हुने हुँदा प्रस्तुत मुद्दाको अन्तिम टुंगो नलागे सम्मको लागी हाम्रो पशुपती गौशाला धर्मशालाको व्यवस्थापन लगाएतका कार्य यथावत सन्चालन गर्न दिन

तथा कृयाकलापमा रोक नलगाउने कार्य नगर्न अन्तर्कालीन आदेस जारी गरी पाउँ भन्ने समेत व्यहोराको निवेदन ।

४. **मिति २०८०।०४।२५ को आदेशः-** अन्तरकालीन आदेश जारी गरी पाउँ भन्ने नेवेदन माग सम्बन्धमा विपक्षी प्रतिवादीहरुलाई समेत रोहवरमा राखी आदेश गर्नुपर्ने प्रकृतिको निवेदन देखिंदा अन्तरकालीन आदेश जारी हुने नहुने सम्बन्धमा छलफलकालगी मिति २०८०/०४/३२ मा प्रस्तुत निबेदनको पेशी तारेख तोकी सोही मितिमा पशुपतीनाथ आमलकोट कचहरी प्रथम पक्ष र मारवाडी सेवा समिति नेपाल द्वितिय पक्ष भई मिति २०६०/०२/१२ मा भएको संझौता विपक्षी प्रतिवादी तर्फवाट रद्द गरीएको हो, होईन ? रह गरिएको भए सो रद्द गरिएको निर्णय एवं प्रति समेत लिई उल्लेखित मिति भने समेत व्यहोराको आदेश । उक्त मिति २०६०/०२/१२ को संझौताको सक्कल ७०४/२२ मा छफलका लागी उपस्थित हुन आउनु भनी विपक्षीहरुलाई सूचना दिनु भन्ने आदेश ।

५. **मिति २०८०/०४/२८ गतेको पुरक निबेदनः-** मिति २०८०/०४/२५ गतेको निवेदन उपर आदेश हुन धेरै समय लाग्ने हुँदा उक्त आदेस नहुँदा सम्माको लागी अल्पकालीन अन्तरकालीन आदेश जारी गरीपाउँ भन्ने समेत व्यहोराको बादीको पुरक निवेदन ।

६. **मिति २०८०/०४/२९ गतेको आदेशः-** यसमा यस अदालतको मिति २०८०/०४/२५ को आदेशानुसार अन्तरकालीन आदेश जारी हुने नहुने सम्बन्धमा छलफलको लागी मिति २०८०/०४/३२ मा उपस्थित हुन आउनु भनी विपक्षीहरुलाई झिकाउने आदेश भएकोले उक्त मिति २०८०/०४।३२ सम्म निवेदन पत्रमा उल्लेखित पशुपती गौशाला धर्माशालाको संचालन व्यवस्थापन सो स्थान र संरचनाबाट साविक देखी भै आएको धार्मिक सामाजीक र मानवसेवाको क्रियाकलापमा रोक लगाउने, निवेदकलाई विस्थापन बगार्ने लगाएतको कुनैपनी कार्य नगर्नु नगराउनु भनी विपक्षिहरुका नाममा अल्पकालीन अन्तरीम आदेस जारी गरिदिएको छ भन्ने समेत व्यहोराको आदेश ।

७. **२०८०/०५/२५ गतेको आदेशः-** प्रतिवादी मध्येका पशुपतिक्षेत्र विकाश कोष अन्तरगत रहेको पशुपतीनाथ अमालकोट कचहरी प्रथम एका र माडवारी सेवा समिति नेपाल दितिय

पक्ष भई प्रथम पक्षको नाममा मालपोत कार्यलयमा दर्ता बेष्ता कायम भइरहेको साविक पशुपती वडा नं. २ (क) कि.नं. ८३ क्षे.फ. ४-१५-२-० र ऐ.ऐ. को कि.नं. ८५ को क्षे.फ. ४-१०-०-० जग्गा तथा सो दुवै कित्तामा गौशाला धर्मशालाका उद्देश्य अनुसार द्वितिय पक्ष आफैले वा आफु अनतरगतका महानुभावहरु रहेको संचालक समिति मार्फत नाविक प्रमोजिम गौशाला धर्मशालाका नामबाट पुर्ण जिम्मेवारी द्वितियपक्षले लिई संचालन गर्ने, द्वितिय पक्षले प्रथम पक्षलाई प्रत्येक आर्थीक वर्षमा रु. ५१,०००।- सहयोग रकम उपलब्ध गराउने र उक्त रकम दुवै पक्षको सहमतिमा संशोधन गर्न सकिने भन्ने समेतको शर्त सहित मिति २०६०।०२।१२ मा सम्झौतापत्र भएको सो सम्झौतापत्रको प्रतिलिपिवाट देखिएकोमा सोमा सो सम्झौता कती अवधिकालागी भएको भन्ने उल्लेख भएको भन्ने नदेखिएको अवस्था, सो संझौता भएको विस वर्ष भन्दा बढी अवधी व्यतित हुँदा सम्मपनी त्यस्तो संसोधन र परिमार्जन नभएको अवस्था, सो सम्झौता परिवर्तनको वातावरण बन्न नसकी अलमल भएको कारण जनाई पशुपती क्षेत्र विकाश कोषको संचालक परिषदको मिति २०८०।०४।१७ को बैठकले उक्त संझौता रद्द गर्ने निर्णय गरेको सो निर्णयको प्रतिलिपि बाट देखिए तापनी सो निर्णय मै निवेदकलाई समय सापेक्ष र उचित शर्त सहित १५ दिन भित्र संझौता गर्न आउन सुचना दिने भन्ने व्यहोरा उल्लेख हुनका साथै को बमोजिमको पत्र प्राप्त गरेको निवेदकले स्विकार गरेको अवश्था हुँदा र पछि मुद्दा फैसला हुँदा ठहरे बमोजिम हुने नै हुँदा यस अदालतबाट मिति २०८०।०४।२९ मा जारी भएको अल्पकालीन अन्तरकालीन आदेसलाई निरन्तरता दिईरहनु परेन । भन्ने समेत व्यहोराले मिति २०८०/०५/२५ गते आदेश ।

८. **वादीले मिति २०८०/०५/३१ मा उच्च अदालत पाटनमा दिएको निवेदनः-** काठमाडौं जिल्ला अदालतबाट मिति २०८०/०५/२५ मा भएको आदेश वेरितपूर्ण हुँदा वदर गरी निवेदकको माग वमोजिम मुद्दाको अन्तिम किनारा नभएसम्मको लागि पशिपति गौशाला धर्मशालाको संचालन, व्यवस्थापन सो स्थान र भएका संरचनाबाट साविकदेखी भई आएको धार्मिक सामाजिक र मानवसेवाको कृयाकलापमा रोक लगाउने गरी निवेदकलाई

विस्थापन नगर्नु नगराउनु र प्रतिवादीले पशुपति गौशाला धर्मशाला जिम्मा लिने कार्य नगर्नु नगराउनु भनी मुलुकी देवानी कार्यविधि संहिता, २०७४ दफा १५७(४) वमोजिम अन्तरकालिन आदेश समेत गरी पाउँ भन्ने समेत व्यहोराको निवेदन ।

९. **उच्च अदालत पाटनबाट मिति २०८०/०६/२५ मा भएको आदेशः-** प्रस्तुत यसमा निवेदक वादी र विपक्षी प्रतिवादीबीच मिति २०६०/०२/१३ मा भएको सम्झौता अनुसार कि.नं. ८३ र ८५ को जग्गामा गौशाला धर्मशाला संचालन गर्ने दायित्व निवेदक पक्षले स्विकार गरेको देखिन्छ। उक्त करार सम्झौता रद्द गर्ने गरी विपक्षी पशुपति क्षेत्र विकास कोषबाट मिति २०८०/०४/१७ मा निर्णय भएको देखिएकोमा सो निर्णय बदर गरी करारको यथावत परिपालनाको लागि निवेदकले तहाँ जिल्ला अदालतमा दायर गरेको ०७८-CP-०७२३ मुद्दामा ठहर भएका बखत सोही बमोजिम हुने नै हुन्छ। सो मुद्दामा ठहर नहुँदै उल्लेखित जग्गा र सो जग्गामा रहेको संरचनाबाट निवेदकलाई हटाउँदा उक्त विचाराधीन मुद्दामा समेत असर पर्ने एवं विपक्षीबाट करार रद्द गर्ने गरी उक्त निर्णय गर्दा निवेदकले करारको कुन सर्त उल्लङ्घन गरी के कस्तो कार्य गरेको हो भनी उल्लेख नगरी निवेदकले पन्ध्र दिन भित्र करार सम्झौता गर्न नआएमा वा सम्झौता गर्न सहमत नभएमा उक्त उक्त २०६०/२/१२ गतेको सम्झौता रद्द भएको मानिने गरी विपक्षी कोषबाट निर्णय भई पत्राचार गरेको देखिएको अवस्थामा करारको क कुनै पक्षले सम्झौताको तात्विक उल्लङ्घन गरेका बखत अर्को पक्षले करार रद्द गर्ने अवस्था हुनेमा कुनै विवाद नरहे तापनि हालको स्थितिमा तहाँ अदालतमा विचाराधीन मुद्दामा ठहर नभए सम्मको लागि निवेदकलाई सो जग्गा र जग्गामा रहेका संरचनाबाट हटाउने गरी विपक्षी कोषबाट भएका काम कारबाही नरोक्दा निवेदक पक्षलाई पर्न जाने क्षति समेतलाई दृष्टिगत गर्दा तहाँ अदालतबाट अन्तरकालीन आदेश जारी नगर्ने गरी मिति २०८०/०५/२५ मा भएको आदेश रीतपूर्वक नदेखिंदा बदर गरिदिएको छ । अब तहाँ अदालतमा विचाराधीन मुद्दामा ठहर नभए सम्मका लागि निवेदकलाई सो जग्गा र उक्त जग्गामा रहेका संरचनाबाट हटाउने गरी विपक्षीबाट कुनै काम कारबाही नगर्नु नगराउनु

भनी विपक्षी प्रतिवादीहरूको नाममा मुलुकी देवानी कर्यविधि संहिता २०७४ को दफा १५६(२) बमोजिम अन्तरकालिन आदेश जारी गरिदिएको छ भन्ने मिति २०८०/०६/२५ मा भएको आदेश ।

१०. **वादीले मिति २०८०/०६/१४ मा दिएको निवेदनः-** सम्मानित अदालतबाट विवादको सवै विषयहरु मुद्दाको अन्तिम सुनुवाईमा निरोपण गर्ने आदेश भैसके पछि अदालतको आदेशानुसार अन्तिम निरोपण नहुदै विवादको विषयबस्तुमा हस्तक्षेप गर्दै निवेदकको मोही र भोगाधिकार भएको घरजग्गाबाट हटाउने प्रपन्च गरेकोले सम्मानित अदालतमा विचाराधिन मुद्दाको अत्तिम किनारा नभएसम्म मिति २०८००५।३१ को पत्र कार्यान्वयन नगर्नु नगराउनु निवेदकबाट सञ्चालन भई आएको धार्मिक सामाजिक सेवामूलक कार्यमा अवरोध नगर्नु नगराउनु भनी मुलुकी देवानी कार्यविधी संहिता, २०७४ को दफा १५६(२) र १५८ (५) वमोजिम अन्तरकालिन आदेश जारी गरीपाउँ भनी वादीले दिएको निवेदन ।

११. **मिति २०८०/०७/२१ मा भएको आदेशः-** प्रस्तुत निवेदनमा निवेदकले प्रतिवादी पशुपति क्षेत्र विकास कोषबाट मिति २०८०।०५।३१ मा ३५ दिनभित्र धर्मशाला खाली गरिदिनु भनी प्रेषित पत्रको कार्यान्वयन नगर्नु नगराउनु र संचालन भईआएको धार्मिक सामाजिक सेवामूलक कार्यमा अवरोध नगर्नु नगराउनु भनी अन्तरकालिन आदेश जारी गरी पाउँ भनी निवेदन दर्ता भई आज पेशीमा प्रस्तुत हुन आएको निवेदन अध्ययन गरियो। प्रस्तुत निवेदन मागका सम्बन्धमा निवेदकले यस अदालतबाट भएको मिति २०७०/०५/२५ को आदेश उपर उच्च अदालत पाटनमा निवेदन दर्ता भई सम्मानित अदालतबाट उक्त मिति २०८०।०५।२५को आदेश बदर हुने भई अदालतमा विचाराधिन मुद्दामा ठहर नभएसम्मका लागि निवेदकलाई सो जग्गा र उक्त जग्गामा रहेका संरचनाबाट हटाउने गरी विपक्षीबाट कुनै काम नगर्नु नगराउनु भनी अन्तरकालिन आदेश जारी गरिदिएको छ...। भनी आदेश भएको भन्ने मिसिल संलग्न उच्च अदालत पाटनको आदेशसमेतबाट देखिएकाले उक्त निवेदन माग संवोधन भईसकेको देखिएकाले

केही गरिरहन परेन। कानून बमोजिम गर्नु भन्ने समेत व्यहोराको यस अदालतबाट भएको आदेश ।

१२. **मिति २०८०/०८/२४ को आदेशः-** यी वादी प्रतिवादी विच भएको मिति २०६०/०२/१२ मा भएको सम्झौताको प्रमाणित प्रतिलिपी सम्वन्धित पक्षबाट झिकाउनू। मिति २०८०/०४/१७ गतेको निर्णय र सो निर्णय गर्दा पेश गरिएको प्रस्तावको सक्कल फाईल एवं निर्णय विपक्षीबाट झिकाउनू भन्ने भएको आदेशानुसाको कागज र सक्कल फाईल पेश भई मिसिल सामेल रहेको ।

१३. **मिति २०८०/११/१७ को आदेशः-** यसमा, दुवै पक्षहरु बीच मेलमिलापका लागि छलफल समेत चली आएकोले मुद्दा मेलमिलापको लागि मेलमिलाप केन्द्रमा पठाई पाउँ भन्ने वादीको निवेदन रहेको र प्रस्तुत मुद्दामा निहित विवाद हेर्दा मेलमिलापको माध्यमबाट निरुपण हुन सक्ने प्रकृतिको देखिंदा जिल्ला अदालत नियमावली, २०७५ को नियम ५२(४) बमोजिम वादी प्रतिवादी कारणी स्वयंलाई उपस्थित गराई मेलमिलापको लागी ३० दिनको समय दिई प्रस्तुत मुद्दा यसै अदालतको मेलमिलाप शाखामा पठाई मेलमिलाप भए मिलापत्र साथ र मेलमिलाप हुन नसके सोही बमोजिमको प्रतिवेदन साथ पेश गर्नु भन्ने आदेशानुसार वादी प्रतिवादीहरुलाई मेलमिलापको लागि यस अदालतको मेलमिलाप केन्द्रमा पठाएकोमा मिलापत्र हुन नसक्ने भनि मेलमिलाप केन्द्रबाट फिर्ता भएको ।

## अदालतको ठहर

१४. नियमबमोजिम पेशी सूचीमा चढी हुन आएको प्रस्तुत मुद्दामा पेश भएको मिसिल कागजात अध्ययन गरी वादीको तर्फबाट उपस्थित विद्वान अधिवक्ता, श्री रेशम शाही एवं प्रतिवादी तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री ध्रुवलाल श्रेष्ठ, विद्वान अधिवक्ताहरु श्री कृष्ण मुरारी पुडासैनी, श्री गणेश बहादुर खत्री, श्री लैन बहादुर थापा, श्री किरण पोखरेल, श्री टिका बहादुर कुँवर र श्री आकृति अधिकारी समेतले गर्नु भएको वहस सुनी इन्साफ तर्फ विचार गर्दा देहायका प्रश्नहरुमा निर्णय गर्नुपर्ने देखिन आयो।

**क)** वादी दावीको कि.नं.८३ र ८५ को जग्गामा वादीको मोही हक छ छैन ?

**ख)** पशुपति क्षेत्र विकाश कोष (तत्कालिन अमालकोट कचहरी) र वादी मारवाडी सेवा समिति वीच मिति २०६०/०२/१२ मा भएको करार सम्झौता परिमार्जन, रद्ध वा वदर हुन सक्छ सक्दैन ?

**ग)** पशुपति क्षेत्र विकाश कोष संचालक परिषदबाट मिति २०८०/०४/१७ को मिति २०६०/०२/१२ को करार सम्झौता रद्ध गर्ने निर्णय र सोही निर्णय अनुसार भएको पत्राचार वादी दावी वमोजिम वदर हुनुपर्ने हो ? होईन ?

**१५.** निर्णयतर्फ विचार गर्दा, पशुपति गौशाला धर्मशाला संचालनमा रहेको जग्गा सर्भे नापीमा पशुपति २क कि.नं.८३ क्षेत्रफल ४-१५-२ र कि.नं.८५ क्षेत्रफल ४-१०-२ भई नापी भई सर्भेनापीमा गौशाला जनिएको र सो जग्गाको पशुपतिनाथ अमालकोट कचहरीले मिति २०४६/०१/२५ मा पशुपति गौशाला धर्मशालाको नाउँमा मोही दर्ता प्रमाण पुर्जा दिएकोले उक्त जग्गामा वादीको मोही हक रहेको, सो जग्गाको विषयमा पशुपति क्षेत्र विकाश कोष र मारवाडी सेवा समिति वीच मिति २०६०/०२/२२ मा भएको करार सम्झौताको पालन गरी आएकोमा मिति २०८०/०४/१७ मा पशुपति क्षेत्र विकाश कोष संचालक परिषदबाट मिति२०६०/०२/१२ मा भएको सम्झौता रद्ध गरी पुनः समय सापेक्ष उचित र जायज सर्त सहित १५ दिन भित्र सम्झौता गर्न सुचना दिनु र उपस्थित भएमा शर्त एकिन भएमा प्रस्ताव पेश गर्न र उपस्थित नभएमा र सम्झौता गर्न असहमत भएमा गौसाला धर्मशालाको व्यवस्थापन आफैले लिने प्रबन्ध मिलाउनु भनी कोषको संचालक परिषदवाट मिति २०८०।४।१७ मा एकतर्फी रुपमा निर्णय भई पत्रद्वारा जानकारी गराईएकोले उक्त निर्णय नै बदर गरी पाउँ भन्ने समेत व्यहोराको फिराद दावी भएकोमा प्रतिवादीहरुले प्रतिउत्तर गर्दा विपक्षीले मिति २०६०।०२।१२ मा पशुपती क्षेत्र विकाश कोष सँग गरेको सम्झौताले विपक्षले उपभोग गरेको जग्गाको पुर्ण स्वमित्व पशुपती क्षेत्र विकास कोषको रहेको स्विकार गरेको सम्झौता बमोजिम सम्झौता रद्द भए वा विपक्षी अलग भए निर्माण भएको सम्पुर्ण संरचनाको स्वमित्व पशुपती क्षेत्र विकाश कोषको हुने भनी उल्लेख भएको र सो कुरालाई लिखित रुपमै विपक्षीले स्विकार गरी धर्मशाला संचालन गरी आएकोमा विपक्षीकै कारण सम्झौताको उलंघन भई नियमानुसार

सम्झौता रद्द गरिएको हुँदा विपक्षीको गलत दावी खारेज गरीपाउँ भन्ने प्रतिउत्तर जिकिर रहेको देखियो ।

१६. मिति २०६०/०२/१२ मा मारवाडी सेवा समिति र अमालकोट कचहरी (हाल पशुपति क्षेत्र विकाश कोष) वीच भएको विवादित सम्झौताको पृष्ठभूमि हेर्दा पशुपति क्षेत्रका दुध कट्या साढेको संरक्षणको लागि जुनेलो घाँस लगाउने समेतका कार्यका लागि वि.स. १९९९ सालको पूर्जिबाट मारवाडी समुदायका रामकुमार अग्रवाललाई केही जग्गा दिईएकोमा सो जग्गामा गौशाला धर्मशालाबाट परिचित भवन बनाइएको तथा गाईहरु पाल्ने गरिएको भन्ने मिसिलबाट देखिन आउँछ । उक्त जग्गाहरु पशुपति विकास कोष अन्तर्गत रहेको श्री पशुपति अमालकोट कचहरीको नाममा भई गौशाला र धर्मशालाको रुपमा मारवाडी समुदायले संचालन गरी आएको भएता पनि सो सम्बन्धमा कुनै औपचारिक सम्झौता नभएको र उक्त जग्गा र सम्पत्तिहरु संचालनको लागि कुनै व्यवस्था नभई रहेको पृष्ठभूमिमा पशुपति क्षेत्र विकास कोष, संचालक परिषद्को मिति २०६०।०२/०९ को निर्णय अनुसार प्रस्तुत सम्झौता भएको देखिन्छ । सम्झौताका शर्तहरु निम्नानुसार देखिन्छन्ः-

१. ***प्रथम पक्षका नाममा मालपोत कार्यालयमा दर्ता श्रेस्ता कायम भई रहेको साविक पशुपति वडा नं. २(क) कि.नं. ८३, क्षे.फ. ४-१५-२-०, ऐ.ऐ. कि.नं. ८५ को क्षे.फ. ४-१०-०-० जग्गा र सो दुवै कित्तामा गौशाला धर्मशालाको उद्देश्य अनुसार द्वितीय पक्ष आफैले वा आफू अन्तर्गतका महानुभावहरु रहेको संचालक समिद्धिमार्फत साविक बमोजिम गौशाला धर्मशालाका नामबाट पूर्ण जिम्मेवारी द्वितीय पक्षले लिई संचालन गर्नेछ।***

***२. गौशाला धर्मशाला संचालन भई आएको कि.नं. ८३ र ८५ पशुपति गुठीको जग्गा तथा सो जग्गामा बनेको धर्मशाला समेतका स्थायी संरचना कुनै व्यक्तिको निजी सम्पत्ति नहुने, बेचबिखन, दानदातब्य आदि गैह्र हक छाडा गर्न नपाईने, निषेध गरिएको मास, मदिरा आदि कुनै विक्री वितरणका पसलमा राख्न नपाउने एवं गौशाला धर्मशाला संचालन गरे वापत निर्धारित गरेको भू-बहाल गौशाला धर्मशालाकै नामबाट तिर्नुपर्ने समेतका आज अधि***

*भै आएका व्यवस्थालाई सोही बमोजिम निरन्तरता दिई गौशाला धर्मशाला संचालन गर्न गराउन हामी दुवै मञ्जुर छौं।*

*३. गौशाला धर्मशाला आफ्नो उद्देश्य अनुसार संचालन हुनुपर्ने र संचालन नभई बन्द भएमा गौशाला धर्मशालाको सम्पूर्ण भौतिक संरचनाहरु जग्गा धनी प्रथमपक्ष पशुपति क्षेत्र विकास कोष अन्तर्गतको अमालकोट कचहरीको हुनेछ ।*

*४. गौशाला धर्मशाला संचालन गर्दा प्रचलित ऐन, नियम तथा स्वीकृत मापदण्ड विपरित हुने कुनै कार्य द्वितीय पक्षले गर्ने छैन ।*

*५. यो सम्झौता भएपछि द्वितीय पक्षले प्रथम पक्षलाई प्रत्येक आर्थिक वर्षमा रु. ५१,००० (एकाउन्न हजार रुपैयाँ मात्र) सहयोग रकम उपलब्ध गराउँदै जानेछ। उक्त रकम दुवै पक्षको सहमतीमा संशोधन गर्न सकिनेछ ।*

*६. श्रीपशुपतिनाथमा पर्व पर्वमा छाडिएका साँढेहरुलाई परम्पराअनुसार संरक्षण गर्न द्वितीय पक्षले सहयोग गर्नेछ ।*

*७. गौशाला धर्मशालाको तल्ला थप तथा अन्य निर्माण सम्बन्धमा संरक्षित क्षेत्रमा तोकिएको मापदण्ड अनुकुल हुने गरी मात्र निर्माण गर्नु पर्नेछ ।*

*८. यस सम्झौतामा उल्लिखित कुराहरु द्वितीय पक्षले उल्लंघन प्रचम पक्षले छुट्टै व्यवस्था गर्न सक्नेछ ।*

*९. दुवै पक्षको पूर्ण सहमतिमा यो सम्झौता कुम पनि बेला रद्द गर्न सकिनेछ ।*

१७. उल्लिखित सम्झौताको शर्तहरु हेर्दा श्री पशुतपीनाथ अमालकोट कचहरीको स्वामित्वमा भएको साविक पशुपति वडा नं. २क कि.नं. ८३ क्षेत्रफल ४-१५-२-० र ऐ.ऐ. कि.नं. ८५ को क्षेत्रफल ४-१०-०-० जग्गा र सो जग्गामा बनेको धर्मशाला समेतका स्थायी संरचना कसैको निजी सम्पत्ति नहुने, बेचविखन दान दातव्य आदि गर्न नपाउने तथा धर्मशाला संचालन नभई बन्द भएमा गौशाला धर्मशालाको सम्पूर्ण भौतिक संरचनाहरु जग्गाधनी पशुपति क्षेत्र विकास कोष अन्तर्गतको अमालकोट कचहरीको हुने र सम्झौताको द्वितीय पक्ष मारवाडी सेवा समितिले प्रथम पक्ष पशुपति अमालकोटलाई सो

वापत बार्षिक २१,०००/- उपलब्ध गराउने र सम्झीताको शर्वहरु आपसी सहर्मातमा संशोधन गर्न सक्ने देखिन्छ । त्यसको साथै सम्झौताको शर्तहरु उल्लंघन गरेमा प्रथम पक्षले सम्झौता रद्द गर्ने अधिकार समेत उक्त सम्झौता अनुसार प्रथम पक्षमा निहित रहेको पाईन्छ । उल्लिखित शर्तहरुबाट उल्लिखित कि.नं. ८३ र ८५ को जग्गाहरु र सोमा निर्माण भएका घर जग्गा लगायतका भौतिक संरचनाहरुमाथि पशुपति अमालकोट कचहरीको पूर्ण स्वामित्वलाई सम्झौताको अर्को पक्ष मारवाडी सेवा समितिले स्वीकार गरेकोमा समेत विवाद देखिएन ।

१८. उल्लेखित करार सम्झौताको शर्तहरुको पृष्ठ भूमि समेतबाट वादी दावीको जग्गामा वादीको मोही हक छ छैन भन्ने सम्वन्धमा विचार गर्दा वादी दावीको जग्गा श्री पशुपति अमालकोट कचहरीमा दर्ता भएका गुठीको जग्गा भन्ने तथ्यमा विवाद देखिदैन । वादीहरुले श्री पशुपतिनाथ अमालकोट कचहरीबाट मोही दर्ता भई मोही दर्ताको प्रमाण पुर्जा प्राप्त गरेकव भनी सोको छाँया कपी पेश गरी सो दर्ता अभिलेखमा दावीको जग्गाको मोही महलमा श्री पशुपति गौशाला धर्मशाला रहेको तथ्यलाई मुख्य आधार लिएको देखियो । तर साविक समय देखि पशुपति गौशाला धर्मशाला नामक कुनै पनि संस्था अस्तित्वमा रहेको देखिदैन। सो तथ्यलाई यी वादी मध्यको मारवाडी सेवा समितिले मिति २०६०/०२/१२ मा पशुपति अमालकोट कचहरी संग सम्झौता गर्दा स्वीकार गरेको देखिन्छ । वादी मध्ये गौशाला धर्मशालाको तर्फबाट सो संस्थाका महासचिव रोहवरमा साक्षी वसी उक्त तथ्यलाई स्वीकार गरेको देखिन्छ । वादीले पेश गरेको कुनै पनि निर्णय अभिलेखका प्रमाणहरुबाट वादी दावीको जग्गामा मारवाडी सेवा समितिको मोही हक रहेको तथ्य प्रमाण पेश हुन सकेको देखिएन । यसै जग्गाको सम्वन्धमा विषेश अदालत काठमाडौंमा दायर भएको निर्णय (आदेश) वदर गरिपाउँ भन्ने मुद्दामा मिति २०६७/०२/३१ मा विशेष अदालतबाट भएको फैसला उपर परेको पुनरावेदनमा श्री सर्वोच्च अदालतबाट मिति २०६८/०३/२७ मा फैसला हुँदा प्रस्तुत मुद्दाका यीनै वादी पक्षहरुले उक्त जग्गामा आफ्नो मोही हक रहेको दावी गरेपनि सो

जग्गामा यी वादीहरुको मोही रहेको तथ्य स्वीकार गरेको देखिएन । उक्त फैसलाबाट विवादित कि.नं.८३ र ८५ का जग्गाहरु र सो मा निर्माण भएका घर जग्गा लगाएतका भौतिक संरचानाहरु माथि पशुपति अमालकोट कचहरीको पूर्ण स्वामित्वलाई मारवाडी सेवा समितिले स्वीकार गरेको तथ्यलाई पुष्टि गरेको देखिन आयो। वादी आफैले गरेको करार सम्झौताको शर्तहरुबाट यी वादी विवन्धित रहेको हुँदा दावीको जग्गामा आफ्नो मोही हक रहेको छ भनी भन्न पाउने अवस्था देखिदैन साथै श्री सर्वोच्च अदालतबाट आफै पक्ष भएको फैसलालाई अवज्ञा गर्ने छुट यी वादीलाई नभएकोले उक्त जग्गामा मारवाडी सेवा समितिलाई मोही हक दावी गर्ने कुनै आधार देखिएन ।

१९. वादी मध्यका पशुपति गौशाला धर्मशालाको तर्फबाट अख्तियार प्राप्त महासचिव महाविर प्रसाद अग्रवालको नामबाट समेत प्रस्तुत फिराद परेको देखिएकोले सो सम्वन्धमा विचार गर्दा साविकमा गौशाला धर्मशाला नामक कुनै वैधानिक संस्था नरहेको भन्ने तथ्य माथि विवेचना भई सकेको छ । दावीको जग्गाको मोहीको अभिलेखमा उल्लेखित पशुपति गौशाला धर्मशाला नै यी वादीले संचालन गरेको स्स्था रहेको वा सो को उत्तराधिकारी संस्था रहेको भन्ने कुनै प्रमाणबाट देखिदैन । हाल आएर मिल्दो जुल्दो संस्थाको नाम राख्दैमा त्यसले साविकको गौशाला धर्मशालाको हक वा यसको उत्तराधिकार प्राप्त हुन सक्ने अवस्था देखिएन । यी वादी मिति २०६०/०२/१२ मा भएको संझौताको पक्ष समेत नभई साक्षी सम्म रहेको तथा दावीको जग्गामा र सो जग्गामा भएको संरचनामा पशुपति अमालकोट कचहरीको हुने गरी भएको सम्झौताको साक्षी वसी शर्तलाई स्वीकार गरेको देखिदा वादी मध्येका पशुपति गौशाला धर्मशालाको अख्तियार प्राप्त महासचिव महावीर प्रसाद अग्रवाललाई प्रस्तुत फिराद दायर गर्ने हकदैया समेत रहेको देखिएन ।

२०. विवादित मिति २०६०/०२/१२ को करारको सम्झौता शर्तहरु उचित र पारदर्शी नभएको भन्ने सन्दर्भमा पटक पटक विभिन्त कोणबाट प्रश्नहरु उठेको देखिन्छ ।उल्लेखित करार गौशाला धर्मशालाको घर जग्गा भडामा लगाउने सम्झौता (Lease contract) भए पनि सो को करार समाप्त हुने अवधी किटान नगरिएको तथा वार्षिक

रुपमा वुझाउने भनिएको भाडा सहयोग स्वरुप रु.५१,०००।— मात्र भएको भन्ने विषय जन सरोकार विषय भई सो विययमा विभिन्न निकायमा उजुरी परेको एवं मुद्दा दायर भएको देखिन्छ । यसै विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग समक्ष परेको उजुरी सम्वन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०६०/०२/१२ मा भएको सम्झौतामा समयावधी उल्लेख नभएकोले मनासिव माफिकको समयावधि किटान गरी सम्झौता गर्न उचित हुँदा अख्तियार दुरपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख अनुसार सो दुस्कृति सच्याउन र मिति २०६५/१२/३० मा वार्षिक रु.५१,०००।— मात्र दिने गरी भएको सम्झौतामा उल्लेखित रकम अत्यन्त न्यून भई समय सापेक्ष नदेखिएकोले मनासिव माफिकको रकम लिनदिने गरी सम्झौता गर्नु गराउनु भनी पशुपति क्षेत्र विकाश कोष र संस्कृति तथा राज्य पुनसंरचना मन्त्रालय समेतलाई लेखी पठाउने निर्णय भएकोमा सो उपर यीनै वादी पक्षले विषेश अदालत समक्ष पुनरावेदन गरेकोमा श्री विषेश अदालतबाट मिति २०६७/०२/३१ मा फैसला हुँदा संझौताको विषय वस्तु करारीय दायीत्व भित्र पर्न जाने भइ पक्षहरुको सहमतीबाट करारका शर्तहरु परवर्तन गर्न पक्षहरु सक्षम रहेको भन्ने आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०६५/१२/३० मा भएको निर्णय वदर हुने ठहरी विषेश अदालतबाट निर्णय भएको देखियो । उक्त विशेष अदालतबाट भएको फैसला उपर परेको पुनरावेदनमा श्री सर्वोच्च अदालतबाट मिति २०६८/०३/२७ मा फैसला हुँदा वार्षिक रु.५१,०००।— वुझाउने लगाएत सम्झौताको शर्तहरु संशोधन गर्न सकिने, सम्झौता शर्तहरु उल्लंघन गरेमा प्रथम पक्ष (अमालकोट कचहरी हाल पशुपति क्षेत्र विकाश कोष) ले सम्झौता रद्ध गर्न सक्ने तथा कि.नं.८३ र ८५ का जग्गाहरु तथा सोमा भएका घर जग्गा लगाएतका भौतिक संरचनाहरु माथि पशुपति अमालकोट कचहरीका पूर्ण स्वामित्वलाई सम्झौताको अर्को पक्ष मारवाडी सेवा समितिले स्वीकार गरेको, सम्पत्तिको स्याहार संभार तथा व्यवस्थापन उचित रुपमा गर्ने दायीत्व भएको संस्थाले आफ्नो दायीत्व निर्वाह गर्न नसकेमा वा अनुचित वा वदनियतपूर्वक प्रयोग वा

परिचालन गर्न दिएमा जिम्मेवारी निर्वाह गर्ने पदाधिकारी कानून वमोजिम जवाफदेही हुनु पर्ने एवं मारवाडी सेवा समितिले धार्मिक एवं व्यापारिक दृष्टिकोणले महत्वपूर्ण स्थानमा रहेको पशुपति गौशाला धर्मशालाको जग्गा तथा भवन लगाएत सम्पत्तिबाट प्राप्त आर्थिक लाभको अनुपातमा उचित र आवश्यक अंश पशुपति अमालकोट कचहरीलाई वुझाउनु पर्ने दायीत्व रहेको भन्ने समेत आधारहरु ग्रहण गरी विवादित सम्झौताको अवधि र वहाल रकम जस्ता विषयमा समसापेक्ष शंशोधन परिमार्जन गर्न करारका पक्षहरु सक्षम रहेकोले विशेष अदालतबाट मिति २०६५/१२/३० मा भएको फैसला सदर हुने ठहरी फैसला भएको दखियो ।

२१. यसरी धार्मिक एवं सार्वजनिक सरोकारको दृष्टिकोणले महत्वपूर्ण रहेको तथा विश्व सम्पदा सूचिमा रहेको पशुपति क्षेत्र भित्र रहेको दावीको कि.नं.८३ र ८५ को करिव दश रोपनी जग्गाको उपयोग र संरक्षणको विषय सार्वजनिक सरोकारको विषय हुनु स्वभाविक देखिन्छ। सो महत्वपूर्ण स्थानको जग्गाको तथा भौतिक संरचनाहरुको उपयोग एवं संरक्षणको जिम्मेवार रहेको पदाधिकारीले त्यस्तो सम्पत्तिको संरक्षण र उपयोगको व्यवस्थापन गर्दा पूर्ण जवाफदेही एवं पारदर्शी ढंगले हुनुपर्ने हुन्छ । सिद्वान्ततः करार संझौता गर्न मुद्दाका पक्षहरु स्वायत्त एवं सक्षम हुने भए पनि सार्वजनिक एवं महत्वपूर्ण धार्मिक स्थलको उपयोगको व्यवस्थापन गर्ने सार्वजनिक पदाधिकारीलाई त्यस्तो सम्पत्तिको उपयोग एवं व्यवस्थापनमा लापरावाही गर्ने, अपारदर्शी एवं स्वेच्छाचारी ढंगले मनोमानी गर्ने छुट कानूनले दिंदैन । जिम्मेवार पदाधिकारीहरु सदैव सार्वजनिक कानूनको अधिनमा रही जवाफदेही हुनु पर्ने हुँदा सार्वजनिक सम्पत्तिको विषयमा मनोमानी एवं अपारदर्शी ढंगले संझौता गरिएका रहेछन् भन्ने त्यसरी गरिएका सम्झौताहरु समेत अपरवर्तनीय हुन्छन् भन्ने अर्थ गर्न मिल्ने देखिदैन ।

२२. उल्लेखित करार सम्झौतामा निर्धारित सम्झौताका शर्तहरुको अध्ययन गर्दा दावीका जग्गा र सो जग्गामा भएका भौतिक संरचनाहरुमा तत्कालीन अमालकोट कचहरी (हाल पशुपति क्षेत्र विकाश कोष) को पूर्ण स्वामित्वलाई यी वादी पक्षले स्वीकार गरि सकेपछि सो को

वार्षिक वहाल रकमलाई सहयोग स्वरुप भनी रु.५१,०००।— निर्धारण हुनु र उक्त सम्झौताको अवधी किटान नहुनु अस्वभाविक एवं अनौठो देखिन्छ ।उक्त भाडा रकम के कुन अध्ययन प्रतिवेदन आधारित भएर निर्धारण गरिएको हो ? उल्लेखित जग्गा एवं सम्पत्तिको मूल्याङकनको आधार के हो ? सो को कुनै वस्तुगत आधार नदेखिएकोले विवादित सम्झौता पारदर्शी ढंगले गरिएको रहेछ भन्न सकिने आधार देखिदैन । गैर नाफा मुलक एवं सर्वसाधारणको सेवाका लागि वा धार्मिक कार्यको लागि सार्वजनिक सम्पत्तिको व्यवस्थापन गर्दा वहाल रकम न्यून लिएर वा वहाल रकम नलिई व्यवस्थापन गर्न पनि सकिने भए पनि त्यसरी व्यवस्थापन गर्दा सोको आधार एवं कारणहरु प्रष्ट एवं पारदर्शी रहनु पर्छ भन्ने तथ्यमा द्विविधा रहदैन । प्रस्तुत विवादको धर्मशालाको सटरहरु व्यापारिक प्रयोजनले भाडामा लगाइएको तथा उल्लेखित सम्पत्तिको उपभोगबाट प्राप्त आय सर्वसाधारणले देख्ने थाहा पाउने गरी सार्वजनिक नभएकोले उक्त सम्पत्तिको उपभोग गैरनाफा मूलक एवं विशुद्ध सर्वसाधारणको सेवा वा धार्मिक कार्यको लागि मात्र गरिएको भन्ने प्रस्ट आधार देखिदैन । सोही तथ्यलाई मध्यनजर गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट उक्त सम्झौता सच्याउनका लागि लेखि पठाउने निर्णय भएको देखिन्छ । विषेश अदालत काठमाडौं र श्री सर्वोच्च अदालतबाट जिम्मेवार पदाधिकारीले जवाफदेहीका साथ एवं उल्लेखित सम्पत्तिको आयको उचित अंश वुझाउने गरी सम्झौताको परिमार्जन गर्न पक्षहरु सक्षम रहेको भन्ने आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट भएको उक्त निर्णय वदर भए पनि वादी पक्षहरु उल्लेखित सम्झौतालाई परिमार्जन एवं समय सापेक्ष वनाउन अनिच्छुक भएको तथा विवादित सम्झौतालाई नै अपरिवर्तनिय अभिलेख मानी अनन्तकाल सम्म श्री पशुपति क्षेत्र भित्रको महत्वपूर्ण सम्पत्तिलाई निजि हकाधिकारको सम्पत्ति जस्तो गरी उपभोग गर्ने आशयका साथ प्रस्तुत भएको भन्ने प्रतिवादी पक्षको प्रतिउरबाट देखिन आयो ।

२३. माथि उल्लेखित सम्झौतामा मुख्य रुपमा गौशाला धर्मशाला परंपरा अनुसार तथा नियम संगत ढंगले संचालन गर्ने तथा पर्वपर्वमा छाडिएमा साढेहरुलाई परंपरा अनुसार संरक्षण

गर्ने तथा गौशालाको तला थप तथा अन्य निर्माण सम्वन्धमा संरक्षित क्षेत्रमा तोकिएको मापदण्ड अनुकुल हुने गरी गर्ने समेतका मुख्य शर्तहरु रहेको देखिन्छ। श्री पशपतिनाथको उक्त क्षेत्रमा संरचनाहरु वनाउदा के कस्ता संरचनाहरु वनाउन सकिन्छ ? के कस्तो शर्तको पालन गरी वनाउन सकिने हो भन्ने सम्वन्धमा कुन मापदण्ड वनेको भनी प्रस्तुत मुद्दामा पेश भएको देखिदैन।प्रस्तुत दावीको जग्गा भित्र महानगरपालिकाबाट नक्शा पास नगरी संरचना वनाएको भन्ने विषयमा वादी प्रतिवादी पक्ष एवं महानगरपालिकासंग समेत विवाद रहेको तथा सो विषयमा विवाद भइ मुद्दा परेको भन्ने समेत मिसिलबाट देखिन आएको छ । उल्लेखित धर्मशाला सुरुमा स्थापना हुँदा निर्माण भएका संरचनाहरुको तत्कालिन प्रचलित कानून एवं परंपरा अनुसार नक्शापासको व्यवस्था नभएको हुन सक्ने भए पनि पछि वनेका संरचनाहरु निर्माण गर्दा उल्लेखित धार्मिक क्षेत्रको संवदेनशिलतालाई विचार गरी मापदण्ड वनाइनु पर्ने तथा उक्त क्षेत्रको प्रशासन गर्ने पशुपति क्षेत्र विकाश कोषबाट सहमती मंजुरी लिई नक्शापास गरी वनाइनु पर्ने संझौता अनुसार प्रष्ट भएकोमा वादीको फिराद पत्र हेर्दा गौशाला परिसरमा करिव १२ करोडको लागतमा ३० वेडको सुविधा सम्पन्न डाइलासिस सेवा समेत थप गरी हाल संचालन गरिएको भन्ने देखिंदा थप नयाँ संरचना वनाइएको वा संरचनाहरुलाई आमूल परिवर्तन गरी संझौता भए वाहेकको नयाँ उद्वस्यको लागि उपयोग गरिएको रहेछ भन्ने तथ्यमा शंका देखिएन।उक्त संरचनाहरु निर्माण गर्दा पशुपति क्षेत्र विकाश कोषसंग सहमती सम्झौता भएको भनी वादीले सोको प्रमाण समेत पेश गरेको वा सोको दावी गर्न समेत सकेको नदेखिदा सहमती नलिई निर्माण गरिएको रहेछ भनी मान्नु पर्ने देखियो । मिति २०६०/०२/१२ को करार सम्झौता हेर्दा त्यस्तो संरचना वनाउन र संरचना गर्न पाउने कहि कतै उल्लेख भएको नदेखिंदा वादी पक्षले संझौताको परिधि भित्र रही धर्मशाला संचालन गरेको वा संझौताको पूर्णत पालन गरेको भनी भन्न सकिने आधार देखिएन । त्यसरी वादी पक्षले संझौताको पालना नगरेको अवस्थामा विपक्षीबाट सम्झौता रद्ब गर्न सकिने तथ्य वादीले संझौता गर्दा नै स्वीकार गरेकोमा समेत विवाद देखिएन ।

२४. माथि विवेचित वादी दावीको मिति २०६०/०२/१२ मा भएको करारमा करार अन्त्य हुने मिति नदेखिएकोले अनिश्चित रहेको देखिन्छ । तथापि उक्त करारको शर्त उल्लंघन भएको अवस्थामा करारको प्रथम पक्ष श्री पशुपतिनाथ अमालकोट कचहरी (हाल पशुपति क्षेत्र विकाश कोष) ले करार रद्व गर्न सक्ने प्रावधान भएको देखिंदा उक्त करार अनन्तकालसम्म जनसुकै परिस्थितिमा लागु हुने गरी करार भएको मान्न मिल्ने देखिएन । यदी प्रतिवादी पक्षले करारको उल्लंघन गरी करार भंग गर्ने निर्णय गरेको मान्ने हो भने पनि करार उल्लंघन भइ विपक्षीको सो कार्यबाट वादीलाई क्षेती पुग्न गएको भए करारको यथावत परिपालना नै अन्तिम एवं एकमात्र विकल्प नभई वादीले क्षेतिपूर्ति वा मनासिव माफिकको क्षेतिपूर्ति दावी गरी फिराद गर्न सक्ने हुन्छ ।त्यसै गरी यी वादी पक्षले करारको शर्त विपरित श्री पशुपति गौशाला धर्मशाला क्षेत्रको सम्पत्तिलाई आर्थिक लाभको श्रोतको रुपमा उपभोग गरी त्यसको मनासिव अंश प्रतिवादी पक्षलाई नवुझाएको हो भने प्रतिवादी पक्षले समेत सो विषयमा क्षतिपूर्ति दावी गरी फिराद उजुर गर्न सक्ने देखिन्छ । करार भएको, लामो समय भएको सो करार समय सापेक्ष परिमार्जन हुनु पर्ने कुरा श्री सर्वोच्च अदालतको फैसला समेतबाट औंल्याइएको देखिएकोमा वादी पक्षको अनिच्छाका कारणले परिमार्जन हुन नसकेको भन्ने प्रतिवादी पक्षको जिकिर देखिएकोले उल्लेखित करारलाई चिरस्थायी एवं अपरिवर्तनीय दस्तावेज मानी उक्त करारलाई निरन्तरता दिई करारको यथावत परिपालना हुनु पर्छ भन्ने वादी दावी मनासिव देखिन आएन ।

२५. तसर्थः विवेचित तथ्य प्रमाणहरुबाट वादी दावीको पशुपति क्षेत्रको कि.नं.८३ र ८५ को जग्गामा वादी मोही हो भन्ने नदेखिएको, मिति २०६०/०२/१२ भएको विवादित करारका शर्तहरु वादी पक्षले पूर्णरुपमा पालन गरेको नदेखिएको, करारको शर्तहरु पालन नभएको अवस्थामा करारको अर्को पक्षले करार रद्व गर्न सक्ने शर्तलाई वादी पक्षले करार गर्दा नै स्वीकार गरेको देखिएको तथा करारको उल्लंघन नै भएको अवस्थामा पनि मर्का पर्ने पक्षले क्षतिपूर्ति भराई पाउन दावी गर्न सक्ने हुँदा करारको यथावत परिपालन

नै अन्तिम एवं एकमात्र विकल्प नभएकोले प्रतिवादी पक्षबाट मिति २०६०/०२/२२ को सम्झौता रद्ध गर्ने गरी मिति २०८०/०४/१७ मा भएको निर्णय वदर गरी पाउँ भन्ने फिराद दावी पुग्न सक्दैन । सो ठहर्नाले अरुमा तपसिल बमोजिम हुने गरी मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १९७ बमोजिम फैसला गरिदिएँ।

**तपसिल**

- माथि ठहर खण्डमा लेखिए बमोजिम वादी दावी नपुग्ने ठहरी फैसला भएकोले मिति २०८०/०४/२४ मा फिराद गर्दा र.नं.११७१४५६ बाट राखेको अदालती दस्तुर रु.२,५००- (दुई हजार पाँच सय) जफत हुन्छ अरु केही गर्न परेन ....................१
- माथि ठहरखण्डमा लेखिएबमोजिम प्रस्तुत मुद्दा वादी दावी नपुग्ने ठहरी फैसला भएको हुँदा प्रस्तुत फैसलामा चित्त नबुझे वादीले कानूनका म्याद भित्र उच्च अदालत पाटन समक्ष पुनरावेदन गर्न पाउने नै हुँदा वादीलाई फैसला प्रमाणिकरण भएको जानकारी दिनू.........२
- सरोकारवालाले फैसलाको नक्कल माग गरे नियमानुसार सारी सराई दिनू एवं दायरीको लगतक़ट्टा गरी फैसला अपलोड गरी मिसिल बुझाई दिनू ...................................३

**कमलप्रसाद पोखरेल**
**जिल्ला न्यायाधीश**

**फैसला तयार गर्न सहयोग गर्ने**

फाँटवालाः- ना.सु. मनमोहन थापा (फाँट नं.१)

मुद्दा रहेको फाँट २३

इति संवत् २०८१ साल असोज महिना १६ गते रोज ४ शुभम्.........................।

**फैसला प्रमाणीकरण मिति २०८१/..../....**